# यशोधरा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बैदौली कपिलवस्तु
(लुम्बिनी प्रदेश नेपाल)

पत्र संख्या :- २०८०/०८१
चलानी नम्बर :-

मिति: २०८१/०१/२४

सूचना । सूचना ॥ सूचना ॥।

**व्यवसायिक फलफूल खेती कार्यक्रममा निबेदन पेश गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति :** २०८१/०१/२४

प्रस्तुत बिषयमा यशोधरा गाँउपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलवस्तुको आ.व.२०८०/०८१ को वार्षिक स्वीकृत आर्थिक बिकासका लागि जिविकोपार्जन कार्यक्रम अन्तर्गत व्यवसायिक फलफूल खेती कार्यक्रममा ७०/३० को लागत साझेदारीमा फार्म/ कम्पनीहरु मार्फत उक्त कार्यक्रम संचालन गर्न यस गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय बैदौली कपिलबस्तुमा गठित आर्थिक विकासका लागि जीबिकोपार्जन कार्यक्रम कार्यान्वयन समितिको मिति २०८०/१२/२१ गते बसेको बैठकका निर्णय अनुसार यस यशोधरा गाँउपालिकाको कार्यक्षेत्र भित्रका इच्छुक कृषि फार्म/कम्पनीहरुले उक्त कार्यक्रममा निवेदन पेश गर्नका लागि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन वा २०८१/०२/०७ गते भित्र तपशील अनुसारका कागजातहरु संलग्न राखी यशोधरा गाउँपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुमा पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै दर्ता म्यादको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो को भोलि पल्ट दर्ता गरिने तथा रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निबेदनहरु छनौट प्रकृयाका लागि समाबेस नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

तपशील

| क.सं. | कार्यक्रमको नाम | न्यूनतम मापदण्ड | कैफियत |
|---|---|---|---|
| १. | व्यवसायिक फलफूल खेती कार्यक्रम | - १० देखि १५ कट्ठा एउटै ठाउँमा हुनु पर्ने ।<br>- फार्म/कम्पनीहरुको ३० प्रतिशत र गा.पा.को ७० प्रतिशत लागत साझेदारी हुनु पर्ने । | |

**आवश्यक कागजातहरु**

१) कार्यक्रम माग सम्बन्धी निबेदन ।
२. फार्म/कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नवीकरण सहित) ।
३. आ.व.२०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
४. फार्म/कम्पनीले जग्गा दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा लिजमा भए करारनामाको सम्झौता पत्रको प्रतिलिपी ।
५. सरोकारवालाको नेपाली नागरिकताको प्रतिलिपी ।
६ स्वा- घोषणा पत्र प्रतिबद्धता ।

**नोट : बिस्तृत जानकारीको लागी यस यशोधरा गाँउपालिका कृषि बिकास शाखा बैदौली कपिलवस्तुबाट जानकारी लिन सकिने छ ।**

२०८१/०१/२४
रामचन्द्र ढकाल
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**
श्री सूचना तथा प्रबिधि शाखा :- वेबसाइटमा अपलोड गरिदिनु हुन्

प्रमुख प्रशासकीय अधिकृत